१ **फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश:** यस अध्यादेशबाट मुलुकी अपराध संहिता, २०७४ लगायतका ऐनहरुमा मूलत: नयाँ व्यवस्था थप गर्ने गरी संशोधन गरिएको छ । यो अध्यादेश निष्क्रिय हुँदा अध्यादेशबाट मूलुकी अपराध संहिता लगायतका ऐनहरुमा साविकको व्यवस्थाको सट्टा संशोधन गरिएको र थप गरिएका कानूनी प्रावधानले निरन्तरता पाउँदैनन् । संहिताका देहायका व्यवस्था बाहेक अन्य व्यवस्था अध्यादेश जारी हुनु भन्दा पहिले जे थियो त्यो यथावत रहन्छ ।

- **मुलुकी अपराध संहिता, २०७४ को दफा १९३**

| अध्यादेश जारी हुनु पूर्वको व्यवस्था | अध्यादेशबाट संशोधित व्यवस्था | अध्यादेश निष्क्रिय भएपछि रहने व्यवस्था |
|---|---|---|
| १९३. तेजाब वा अन्य रासायनिक, जैविक वा विपाल पदार्थ प्रयोग गरी कुरुप पार्न नहुने : (१) कसैले कसैलाई तेजाब वा यस्तै प्रकारका अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी वा छर्किई वा त्यस्तो पदार्थले पोली, डामी, दली, घसी जिउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पार्ने काम गर्नु वा गराउनु हुँदैन । | १९३. जैविक वा विषालु पदार्थ प्रयोग गरी कुरुप पार्न नहुने : (१) कसैले कसैलाई तेजाब वा यस्तै प्रकारका अन्य रासायनिक बाहेकका अन्य जैविक वा विषालु पदार्थ प्रयोग गरी वा छर्किई वा त्यस्तो पदार्थले पोली, डामी, दली, घसी जिउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पार्ने काम गर्नु वा गराउनु हुँदैन । | १९३. जैविक वा विपाल पदार्थ प्रयोग गरी कुरुप पार्न नहुने : (१) कसैले कसैलाई तेजाब वा यस्तै प्रकारका अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी वा छर्किई वा त्यस्तो पदार्थले पोली, डामी, दली, घसी जिउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पार्ने काम गर्नु वा गराउनु हुँदैन । |

- **मुलुकी फौजदारी संहिता, २०७४ को अनुसूची १ को खण्ड (क) को उपखण्ड (४)**

| अध्यादेश जारी हुनु पूर्वको व्यवस्था | अध्यादेशबाट संशोधित व्यवस्था | अध्यादेश निष्क्रिय भएपछि रहने व्यवस्था |
|---|---|---|
| (४) परिच्छेद -५ को दफा १०४, १०५, १०६, ११०, ११४, ११८, ११९, १२०, १२१, १२२, १२३, १२४, १२५ र १२६ | (४) परिच्छेद -५ को दफा १०४, १०५, १०६, ११०, ११४, ११८, ११९, १२०, १२१, १२२, १२३, १२४, १२५, १२६ र १२६क | (४) परिच्छेद -५ को दफा १०४, १०५, १०६, ११०, ११४, ११८, ११९, १२०, १२१, १२२, १२३, १२४ |

**समस्या:** अनुसूचीको यस व्यवस्थाबाट दफा १२५ जुवा खेल्ने वा सट्टेवाजीको कसूर र दफा १२६ को भिक्षा माग्ने वा माग्न लगाउने कसूर नेपाल सरकारवादी भई चल्ने मुद्दाको सूचीबाट हट्न जान्छ ।

**समाधानको विकल्प:** यसको व्यवस्थापनको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९८ बमोजिम महान्यायाधिवक्ताको परामर्शमा नेपाल सरकारले निर्णय गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर तथा थपघट गरी नेपाल सरकार वादी भई मुद्दा चल्ने व्यवस्था गर्न सकिन्छ ।

## २ यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

२.१ **मुलुकी अपराध संहिता, २०७४** को दफा २१९, २२८,२२९ मा संशोधन गरिएकोछ । अन्य दफामा नयाँ व्यवस्था थप गरिएको हुँदा त्यसरी थपिएका व्यवस्था अध्यादेश निष्क्रियहुँदा कायम नरहने र संहितामा संशोधन गरिएका देहायका व्यवस्थाले संहितामा रहेको साविकको व्यवस्थतालाई संशोधन गरेकोहुँदा देहायको व्यवस्थाको हकमा समस्या हुनसक्ने ।

- **मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (६)**

| **अध्यादेश जारी हुनु पूर्वको व्यवस्था** | **अध्यादेशबाट संशोधित व्यवस्था** | **अध्यादेश निष्क्रिय भएपछि रहने व्यवस्था** |
|---|---|---|
| (६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफूलाई मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) वा सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै कसैले जवर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई उपदफा (३) मा लेखिएको सजायमा देहाय बमोजिमको थप सजाय समेत हुनेछः–<br>(क) मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए दफा १०५ बमोजिमको सजाय, | (६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफुलाई मानवरोग प्रतिरोधक क्षमता ह्रास गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) वा सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै कसैले जवर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई उपदफा (३) मा लेखिएको सजायमा देहाय बमोजिमको थप सजाय समेत हुनेछः–<br>(क) मानवरोग प्रतिरोधक क्षमता ह्रास गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए दफा १०५ बमोजिमको सजाय, | (क) (६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफूलाई मानवरोग गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) वा सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै कसैले जवर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई उपदफा (३) मा लेखिएको सजायमा देहाय बमोजिमको थप सजाय समेत हुनेछः–<br>मानवरोग गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएको भए दफा १०५ बमोजिमको सजाय, |

- मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ को उपदफा (१)

| अध्यादेश जारी हुनु पूर्वको व्यवस्था | अध्यादेशबाट संशोधित व्यवस्था | अध्यादेश निष्क्रिय भएपछि रहने व्यवस्था |
|---|---|---|
| २२८.क्षतिपूर्ति भराई दिनु पर्नेः दफा २२० र २२७ अन्तर्गतको कसूर बाहेक यस परिच्छेद बमोजिमको अन्य कसूरबाट पीडित व्यक्तिलाई कसूरदारबाट मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ । | २२८.क्षतिपूर्ति भराई दिनु पर्नेः दफा २२० र २२७ अन्तर्गतको कसूर बाहेक यस परिच्छेद बमोजिमको अन्य कसूरबाट पीडित व्यक्तिलाई जरिबानाबाट प्राप्त हुने रकम समेत विचार गरी कसूरदारलाई सजाय निर्धारण गर्दा निजबाट मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ। | २२८.क्षतिपूर्ति भराई दिनु पर्नेः दफा २२० र २२७ अन्तर्गतको कसूर बाहेक यस परिच्छेद बमोजिमको अन्य कसूरबाट पीडित व्यक्तिलाई भराई दिनु पर्नेछ। |

**बैकल्पिक व्यवस्थाः** अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३० मा पनि अदालतले कसूरबाट पीडितलाई कसूरदारबाट क्षतिपूर्ति भराईदिनु पर्ने गरी गरेको व्यवस्था रहेकोछ । सो बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाउन सकिने ।

- मुलुकी अपराध संहिता, २०७४ को दफा २२९ को उपदफा (२)

| अध्यादेश जारी हुनु पूर्वको व्यवस्था | अध्यादेशबाट संशोधित व्यवस्था | अध्यादेश निष्क्रिय भएपछि रहने व्यवस्था |
|---|---|---|
| २२९. हदम्यादः (२) दफा २१९, २२१, २२२, २२३, २२४, २२५ र २२६ को उपदफा (३) अन्तर्गतको कसूरमा त्यस्तो कसूर भएको मितिले एक वर्षभित्र र यस परिच्छेद अन्तर्गतको अन्य कसूरमा त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन । | २२९. हदम्यादः (२) दफा २१९, २२१, २२२, २२३, २२४, २२५, २२६ को उपदफा (३) र दफा २२७क. को उपदफा (१) अन्तर्गतको कसूरमा त्यस्तो कसूर भएको मितिले एक वर्षभित्र र यस परिच्छेद अन्तर्गतको अन्य कसूरमा त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन। | २२९. हदम्यादः (२) दफा २१९, २२१, २२२, २२३, २२४, २२५, कसूरमा त्यस्तो कसूर भएको मितिले एक वर्षभित्र र यस परिच्छेद अन्तर्गतको अन्य कसूरमा त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन । |

२.१ **मुलुकी कार्यविधि संहिता, २०७४** को दफा ३२, ४४ र अनुसूची १ मा संशोधन गरिएकोछ । अध्यादेश निष्क्रिय हुँदा देहायको अवस्था हुने ।

- **मुलुकी कार्यविधि संहिता, २०७४ दफा ३२ को उपदफा (२)**

| **अध्यादेश जारी हुनु पूर्वको व्यवस्था** | **अध्यादेशबाट संशोधित व्यवस्था** | **अध्यादेश निष्क्रिय भएपछि रहने व्यवस्था** |
|---|---|---|
| ३२. अभियोगपत्र दायर गर्ने: (२) उपदफा (१) बमोजिम अभियोगपत्र पेश गर्दा कसूरका सम्वन्धमा सङ्कलित सवुद प्रमाण, दसी तथा वस्तु र अभियुक्त हिरासतमा रहेको भए निज सहित पेश गर्नु पर्नेछ । | ३२. अभियोगपत्र दायर गर्ने: (२) उपदफा (१) बमोजिम अभियोगपत्र पेश गर्दा कसूरका सम्वन्धमा सङ्कलित सवुद प्रमाण, दसी तथा वस्तु र अभियुक्त हिरासतमा रहेको भए निज सहित पेश गर्नु पर्नेछ । | ३२. अभियोगपत्र दायर गर्ने: (२) उपदफा (१) बमोजिम अभियोगपत्र पेश गर्दा कसूरका सम्वन्धमा सङ्कलित सवुद प्रमाण, र अभियुक्त, हिरासतमा रहेको भए निज सहित पेश गर्नु पर्नेछ |